संयुक्त राष्ट्र संघ सिसिपिआर/सि/११९/डि/२१८५/२०१२

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी वितरणः साधारण

अन्तर्राष्ट्रिय अनुबन्ध जनवरी ४, २०१६(२०७२/०९/२०)

मूल प्रति: अंग्रेजी

मानव अधिकार समिति

ऐच्छिक आलेखको धारा ५(४) अन्तर्गत अपनाइएको राय, उजुरी नं २१८५/२०१२ सँग सम्बन्धित

*,**

*उजुरी पेश गर्ने :* बिमला ढकाल, रविन्द्र ढकाल र मंजिमा ढकाल (ट्र्याक इम्प्युनिटि अलवेज़का कानुनी सल्लाहकार फिलिप ग्रान्टद्वारा प्रतिनिधित्व गरिएको)

*पीडित भनि दाबी गरिएको :* उजुरीकर्ताहरू र राजेन्द्र ढकाल ( क्रमानुसार उजुरीकर्ताका पति, बुवा, र भाइ)

*राज्य पक्ष :* नेपाल

*उजुरी मिति: ३१ जनवरी २०१२* (२०६८/१०/०७) (प्रारम्भिक पेशी)

*सन्दर्भ सामग्रीहरू :* समितिको कार्यविधि नियमावलीको नियम ९७ बमोजिम निर्णय लिइएको, राज्य पक्षलाई २ अगस्त २०१२ (२०६९/०४/१८) सम्प्रेषण गरिएको (दस्तावेजको रूपमा जारी नगरिएको)

*अभिमत ग्रहण गरेको मिति:* १७ मार्च २०१७ (२०७३/१२/०४)

*विषयवस्तु:* बलपूर्वक बेपत्ता पारिएको

*कार्यविधिगत विषय :* कानुनी उपचारका सबै घरेलु विधि/उपायहरू प्रयोग गरी सकिएको

*सारभूत विषय :* जीवनको अधिकार; कठोर यातना र अमानवीय व्यवहार; व्यक्तिको स्वन्त्रता र सुरक्षाको अधिकार; मानवमा निहित मर्यादाको सम्मान; कानुनका अगाडि

व्यक्तिको रूपमा मान्यता; संरक्षणका उपायहरू सम्बन्धी बाल अधिकार; र प्रभावकारी कानुनी उपचारको अधिकार

*अनुबन्धका धाराहरू :* २(३), ६, ७, ९, १०, १६ र २४(१)

*ऐच्छिक आलेखका धाराहरू :* ५(२)(ख)

..............................

*समितिको ११९ औ बैठक मा अनुमोदन गरिएको (६ मार्च - २९ मार्च २०१७) (२०७३/११/२३-२०७३/१२/१७)

** प्रस्तुत उजुरीको छानबीन प्रक्रियामा समितिका देहाय बमोजिमका सदस्यहरुको सहभागिता रहेको थियो: श्री तानिया मारिया अब्दो रोचोल, श्री यद वेन अचौर, श्री इल्ज ब्रान्ड्स केहेरिस, श्री अहमद अमिन फथल्ला, श्री ओलिवर डे फ्रुविले, श्री क्रिस्टोफ हेन्स, श्री युजी इसवा, श्री बमरियम कोइता, श्री मार्सिया भी.जे क्रान, श्री ड़न्कन लाकी मुहुमुजा, श्री फ़ओतिनी पाज़र्तिज़, मउरोपोलिटि, श्री माउरो पोलिटि, श्री होसे म्यनुवेल सन्तोस पायस, श्री अन्जा सैबर्ट फोह्र, श्री युवल शानी, र श्री मार्गो वाटरभल।

१. उजुरीकर्ताहरू बिमला, रविन्द्र, र मंजिमा ढकाल, राजेन्द्र ढकालका क्रमशः पत्नी, भाइ, र छोरी हुन् । उनीहरूले आफ्नो र राजेन्द्र ढकालको पक्षमा उजुरी पेश गरेका छन् ।उनीहरू नेपालका नागरिक हुन् र उनीहरूको जन्म क्रमशः २७ अगस्त १९७० (२०२७/०५/११), २५ सेप्टेम्बर १९७१ (२०२८/०६/०९), २९ सेप्टेम्बर १९९० (२०४७/०६/१३) र १३ नोभेम्बर १९६८ (२०२५/०७/२५) मा भएको थियो । राज्य पक्षले राजेन्द्र ढकालको धारा ६, ७, ९, १० अन्तर्गतका छुट्टाछुट्टै र सो को संयुक्त रूपमा धारा २(३) अन्तर्गतका अधिकारहरू र रविन्द्र ढकालको धारा ७ अन्तर्गतका छुट्टै र सो को संयुक्त रूपमा धारा २(३) अन्तर्गतका अधिकारहरू; र मंजिमा ढकालको धारा ७ अन्तर्गतको छुट्टै र सो को संयुक्त रूपमा धारा २(३) र २४(१) अन्तर्गतका अधिकारहरू उल्लङ्घन गरेको भनि दाबी गरेका छन् । राज्य पक्षको लागि अनुबन्ध र ऐच्छिक आलेख १४ अगस्त १९९१ (२०४८/०४/२९) बाट लागू भएको थियो । उजुरीकर्ताहरूको प्रतिनिधित्व वकिलहरूले गरेका छन् ।

**उजुरीकर्ताहरूले पेश गरेका तथ्यहरू**

२.१ राज्य पक्षमा सरकार र नेपाल कम्युनिस्ट पार्टी बीच १९९६ बाट शुरु भएको सशस्त्र द्वन्द्वको समयमा मानव अधिकारको अवस्थामा उल्लेखनीय ह्रास आएको थियो । प्रहरी, शाही नेपाली सेना समेतका द्वन्द्वमा संलग्न पक्षहरूले यातना दिने कार्यहरू गरिरहेका थिए र बलपूर्वक बेपत्ताका घटनाहरू व्यापक रूपमा बढिरहेको थियो[1] ।विश्वसनीय श्रोतहरूका अनुसार नेपालमा २००३ र २००४ मा बलपूर्वक बेपत्ताका धैरै घटनाहरू घटेका थिए[2] । यस्ता घटनाका पीडितहरू मुख्यतः माओवादी प्रति सहानुभूति राख्ने वा माओवादीका समर्थकहरू थिए जसमा धैरैजसो विद्यार्थी, व्यापारी, किसान, पत्रकार, मानवअधिकारकर्मीहरू थिए[3] ।

२.२ राजेन्द्र ढकाल र मुख्य उजुरीकर्ता (बिमला ढकाल) का तीन सन्तान छन् । राजेन्द्र ढकाल मानवअधिकारकर्मी र नेपाल बार एसोसिएसनको सदस्य थिए । उनी प्रोग्रेसिभ लेगल सर्भिस नामक ल फर्ममा कार्यरत थिए र फोरम फर प्रोटेकसन् अफ् हयुमन राइट्सको गोर्खा जिल्ला

[1] उजुरीकर्ताहरूले बलपूर्वक बेपत्ता पार्ने कार्य सम्बन्धी कार्य दलको प्रतिवेदन (हेर्नुहोस् E/CN.4/2005/65/Add.1.) र यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय सम्बन्धी विशेष प्रतिवेदक (हेर्नुहोस् E/CN.4/2006/6/Add.5.) उल्लेख गरेको

[2] Human Rights Watch and Advocacy Forum, Waiting for Justice: Unpunished Crimes from Nepal's Armed Conflict, (न्यु योर्क, Human Rights Watch, २००८), पृ.११

[3] E/CN.4/2005/65/Add.1 हेर्नु होस

शाखाको अध्यक्ष समेत थिए । उनी १९९५ सम्म विभिन्न कम्युनिस्ट समूहको छाता संगठन, यूनाइटेड पीपल्स फ्रन्टका जिल्ला सचिव पनि थिए । फेब्रुअरी १९९६ बाट नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले सशस्त्र द्वन्द्व शुरु गरेपछि उनले सो पद बाट राजीनामा दिएका थिए । मार्च र जुन १९९६ को बीचमा उनलाई नेपाल प्रहरीले गैरकानुनी रूपमा थुनामा राखेको थियो र जुन १९९६ मा जिल्ला अदालतको आदेशमा उनलाई थुना मुक्त गरिएको थियो । थुनाको क्रममा उनलाई यातना दिइएको थियो र बाहिर दुनियाँसँग करिब कुनै पनि सम्पर्क राख्न दिइएको थिएन । जुन १९९८ मा, तनहुँ जिल्ला अदालतमा उनी माथि ज्यान मार्ने र डकैतीको घटनामा प्रहरीलाई हमला गरेको, विस्फोटक पदार्थ बोकेको, जथाभाबी गोलि चलाएको र प्रहरी सहायक निरीक्षकलाई मारेको भनि मुद्दा दर्ता गरिएको थियो । उनको नाममा पक्राउ पुर्जी र समाह्वान पनि जारी भएको थियो । सो समयमा राजेन्द्र ढकाल राज्यका निकाय विरुद्ध यातनाका मुद्दाहरूमा कानुन व्यवसायीको रूपमा कामहरू गर्दै आएका थिए। पक्राउ पुर्जी जारी भएपछि उनलाई सुरक्षाकर्मीहरूबाट ज्यान मार्ने धम्की आउन शुरु भएको थियो र सोको कारणले उनी अगस्त १९९८ बाट आफ्नो कानुन व्यवसाय छोडी लुकेर बसेका थिए।

२.३ ८ जनवरी १९९९ (२०५५/०९/२४) मा राजेन्द्र ढकाल तनहुँ जिल्लाको जम्दी गाउँ, खैरेनीटारमा राजनैतिक चेतनासम्बन्धी एउटा बन्दसत्र कार्यक्रममा सहभागी हुन गइरहेका थिए। जम्दीमा खोला नजिक आइपुग्दा उनलाई प्रहरीले हिरासतमा लियो । अन्य २ व्यक्ति, पी.बि.टि र एन.डी.ए,, जो प्राथमिक तहका शिक्षकहरू थिए, लाई पनि हिरासतमा लिई बेल चौतारा क्षेत्र प्रहरी कार्यालयमा लगियो। तर हिरासतमा लिइएका अन्य व्यक्तिहरूबाट छुट्याइ राजेन्द्र ढकाललाई एक्लै कैदमा राखियो । उनलाई अन्तिम पटक सोही समय देखिएको थियो। दुई दिनपछि शिक्षकहरूलाई रिहा गरिएको थियो ।

२.४. त्यस पश्चात् पहिलो उजुरीकर्ता जसले आफ्नो पतिलाई अन्तिम पटक एक महिना अघि चितवनमा देखेकी थिइन् राजेन्द्र ढकालको गिरफ्तारीको बारेमा हल्ला सुनिन् । उनको अनुरोधमा, दोश्रो उजुरीकर्ता (रविन्द्र ढकाल) ले आफ्नो भाइको खोजी शुरु गरे । १२ र १९ जनवरी १९९९ (२०५५/०९/२८ र २०५५/१०/०५) को बीचमा, दोस्रो उजुरीकर्ता तनहुँमा जिल्ला प्रहरी कार्यालय, नवलपरासीमा जिल्ला प्रहरी कार्यालय, कास्की पोखरामा जिल्ला प्रहरी कार्यालय र पोखरामा सशस्त्र प्रहरी बटालियनमा गए । यी सबै ठाउँका प्रमुख अधिकारीहरूले उनको भाइ अर्को प्रहरी

चौकीमा सरुवा गरिएको जानकारी दिए । पोखरामा सशस्त्र प्रहरी बटालियनमा राजेन्द्र ढकाललाई गोरखामा जिल्ला प्रहरी कार्यालयमा लागिएको जानकारी दिइयो । दोस्रो उजुरीकर्ता गोर्खा कार्यालयमा जाँदा राजेन्द्र ढकाल त्यही भएको जानकारी दिइयो तर उनलाई भेट्न भने दिइएन । केही हप्ता पछि, दोस्रो उजुरीकर्ताले आफ्नो भाइसँगै पक्राउ परेका दुई शिक्षकलाई भेटे । उनीहरूले राजेन्द्र ढकाल ८ जनवरी १९९९ (२०५५/०९/२४) मा पक्राउ परेको र तनहुँ जिल्ला प्रहरी कार्यालयमा लगिएको जानकारी दिए । राजेन्द्र ढकालको त्यसपछि हालखबर थाहा भएको छैन। दोस्रो उजुरीकर्ताले पहिलो उजुरीकर्ता र परिवारलाई उनको पति खोज्न गरेको प्रयासको बारेमा लगातार जानकारी गराइरहेका थिए ।

२.५. २१ जनवरी १९९९ (२०५५/१०/०७) मा दोस्रो उजुरीकर्ताले आफ्नो भाइको तर्फबाट नेपालको सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट दर्ता गराए । अदालतले गृह मन्त्रालय, नक्सालमा प्रहरी मुख्यालय, गोर्खा, कास्की, नवलपरासी, र तनहुँमा जिल्ला प्रहरी कार्यालय, पोखरामा सशस्त्र प्रहरी बटालियनमा र बेल चौतारा क्षेत्र प्रहरी कार्यालयलाई कारण देखाऊ आदेश जारी गर्यो ।ती कार्यालयहरूले पक्राउ नभएको भनि आदेशको जबाफ दिए । ती कार्यालयहरूले दोस्रो उजुरीकर्तालाई उनको भाइ एक प्रहरी कार्यालयबाट अर्को कार्यालयमा लागिएको भनि जानकारी दिएको भन्ने आरोप पनि इन्कार गरे । (माथि परिच्छेद २.४. मा हेर्नुहोस्)

२.६. २३ मार्च १९९९ (२०५५/१२/९) मा, सर्वोच्च अदालतले राजेन्द्र ढकाललाई सबै पक्राउ पारिएको कार्यालयमा खोजी गर्नु र अदालत समक्ष पेश गर्नु भनि प्रहरी मुख्यालयलाई आदेश जारी गर्यो । १९ अप्रिल १९९९ (२०५६/०१/०६) मा प्रहरीले सो मुद्दा बारे कुनै जानकारी नभएको र राजेन्द्र ढकालको विरुद्ध तनहुँ जिल्ला अदालतमा १९९८ बाट सहायक निरीक्षकको ज्यान मारेको अपराध सम्बन्धी मुद्दा यथास्थितिमा रहेको र प्रहरीले उनको खोजी गरिरहेको जानकारी पेश गर्यो ।

२.७. डिसेम्बर १९९९ मा राजेन्द्र ढकालसँगै पक्राउ परेका दुई शिक्षकहरूको बकपत्र सर्वोच्च अदालतमा पेश गरियो । ८ जनवरी १९९९ (२०५५/०९/२४) मा राजेन्द्र ढकाललाई प्रहरी निरीक्षक के.बी.आर को नेतृत्वमा पक्राउ गरिएको र तनहुँ जिल्ला प्रहरी कार्यालयमा सारिएको तथ्य उनीहरूले पुष्टि गरे। पछि, गृह मन्त्रालयले राजेन्द्र ढकाल हिरासतमा नभेटिएको भनि अदालतलाई जानकारी दियो ।

२.८. अगस्त २००० मा गैरकानुनी, संक्षिप्त वा स्वेछाचारी हत्यासम्बन्धी विशेष Rapporteur लाई राजेन्द्र ढकालको मुद्दा बारे जानकारी गराइएको भनि उनले टिप्पणी गरेकी थिइन् (E/CN.4/2001/9/Add.2, पृष्ठ 41 मा हेर्नुहोस्) । २००१ मा एम्नेस्टी इन्टरनेशनलले यो मुद्दालाई बलपूर्वक बेपत्ता सम्बन्धी कार्य समूहलाई पेश गरेको थियो[4] । राजेन्द्र ढकालको नाम राष्ट्रिय मानव अधिकार आयोगको बेपत्ता व्यक्तिहरूको सूचीमा[5] र अन्तरराष्ट्रिय रेड क्रस समितिको बेपत्ता व्यक्तिको सूचीमा पनि उल्लेख गरिएको थियो ।[6]

२.९. उजुरीकर्ताहरूको दाबीअनुसार पहिलो उजुरीकर्ता थोरै मात्रामा नेपाल कम्युनिस्ट पार्टी अन्तर्गत राजनैतिक कार्यमा संलग्न थिइन्; र राजेन्द्र ढकाल बेपत्ता भएपछि उनी र दोस्रो उजुरीकर्ता State Enforced Disappearance Family Society नाम गरेको समूहमा सघन रूपमा नै संलग्न रहेका थिए; र २००१ को शुरुतिर माओवादी पार्टीसँगको सम्बन्धको कारण उनलाई पक्राउ गरियो। प्रहरीले उनको पतिलाई सुरक्षा फौजले मारिसकेको बताए र माओवादी गतिविधिहरूमा संलग्न भइराखेमा उनको पनि हाल त्यस्तै हुने धम्की दिए । उनलाई थुनामा राखियो र थुनाको क्रममा उनलाई यातना दिइयो। उनको आँखामा पट्टि लगाई उनलाई लगातार टाउकोमा लट्ठीले पिटियो । १० दिनपछि उनलाई हरेक शनिवार थान्तिपोखरी, पालुंगटार गाविस, गोर्खा जिल्लाको प्रहरी चौकीमा हाजिर हुने शर्तमा रिहा गरियो ।

२.१० नेपालमा हिंसाको कारण नेपालको न्यायपालिकामा नराम्रो असर परेको थियो र राजेन्द्र ढकालको मुद्दामा २००६ मा सशस्त्र द्वन्द्वको अन्त्य नभएसम्म थप कुनै कार्यवाही अघि बढाइएन । २८ अगस्त २००६ (२०६३/०५/१२) मा, यथास्थितिमा रहेका बन्दी प्रत्यक्षकरणीको सम्बन्धी रिटमा कार्यवाही गर्न सर्वोच्च अदालतले पुनरावेदन अदालतको न्यायाधीशको नेतृत्वमा राजेन्द्र ढकाल लगायत चार बलपूर्वक बेपत्ता सम्बन्धी मुद्दाको निरूपण गर्न बन्दी छानबिन समिति (Detainee Investigation Task Force) गठन गर्ने निर्णय गर्यो । छानबिनको निष्कर्ष उनलाई प्रहरी निरीक्षक के.बि.आर को नेतृत्वमा रहेका १०-१२ जना प्रहरी टोलीले बेल चौतारा,

[4] उजुरीकर्ताहरूले राजेन्द्र ढकालको मुद्दाको सम्बन्धमा निम्न सन्दर्भ सामग्रीहरू उल्लेख गरेका छन् :
E/CN.4/2002/79 (अनुच्छेद २३१), E/CN.4/2003/70 र Corrs. 1 र 2 (अनुच्छेद १९८), E/CN.4/2004/58 (अनुच्छेद.२२२) and E/CN.4/2005/65 (अनुच्छेद २४०)

[5] आयोगको सूचीको प्रतिलिपि उजुरी सँग समावेश गरिएको छ ।

[6] यस उजुरी संग ICRC को दस्तावेज, "Missing persons in Nepal: the right to know — updated list २०११ समावेश गरिएको छ

तनहुँबाट पक्राउ गरेको र बेपत्ता पारेको भन्ने रहयो ।छानबिन समितिले अपराधीहरूको विरुद्ध फौजदारी अभियोग दायर गर्न र पीडित परिवारलाई राहत दिन सिफारिस गर्यो ।

२.११ १ जुन २००७ (२०६४/०२/१८) मा सर्वोच्च अदालतले ८३ ओटा बेपत्ता व्यक्ति सम्बन्धित बन्दी प्रत्यक्षकरणीको रिटमा फैसला गर्यो । छानबिन समितिको निष्कर्षलाई अधार लिई राजेन्द्र ढकाललाई पक्राउ गरिएको र सुरक्षाकर्मीहरूले बेपत्ता पारेको र उनको हालखबर बारे कुनै जानकारी नभएको भनि टिप्पणी गर्यो।[7] अदालतले बलपूर्वक बेपत्तालाई व्याख्या र अपराधीकरण गर्न कानुन बनाउन, अपराधीहरू माथि कार्यवाही गर्न र पीडित र पीडितको परिवारलाई क्षतिपूर्ति प्रदान गर्न सरकारलाई आदेश दियो ।

२.१२ ३ अगस्त २००७ (२०६४/०४/१८) मा पहिलो उजुरीकर्ताले प्रमुख जिल्ला अधिकारी, गोर्खाबाट अन्तरिम राहत योजना अन्तर्गत अन्तरिम राहत स्वरूप ने.रू १,५०,००० प्राप्त गरेका थिए । १४ अप्रिल २००८ (२०६५/०१/०२) मा शान्ति तथा पुनर्निर्माण मन्त्रालय बाट उनलाई ने.रू १,००,००० प्राप्त भयो । तर फैसलाको अन्य थप आदेश सरकारले कार्यान्वयन गरेन । सर्वोच्च अदालतको फैसला कार्यान्वयन नभएबाट सङ्केत भएझैं देशमा चलिरहेको दण्डहीनताको कारण प्रहरी वा न्यायिक निकाय समक्ष मुद्दा लिएर जानु निरर्थक भएकोले उजुरीकर्ताहरूले थप कार्यवाही अघि नबढाएको उनीहरूको दाबी रहेको छ ।

२.१३.उजुरीकर्ताहरुले कानुनी उपचारका सम्भव भएसम्मका सबै घरेलु उपायहरू अपनाएको दाबी गरेका छन् । जे भएतापनि उक्त उपचारहरू अप्रभावकारी र अनावश्यक रूपमा लामो र समय लाग्ने खालका छन्। बन्दी प्रत्यक्षीकरणको रिटको कार्यविधि सात वर्ष भन्दा लामो समय चलेको थियो र सर्वोच्च अदालतको १ जुन २००७ (२०६४/०२/१८) को अन्तिम फैसला हालसम्म पनि कार्यान्वयन भएको छैन र यी तथ्यहरूले अनावश्यक विलम्ब तर्फ इंगित गर्छन् जसले गर्दा थप उजुरी गर्नु निरर्थक छ । सो आदेश भए तापनि, नेपाली निकायहरूले कुनै छानबिन गरेका छैनन् र राजेन्द्र ढकाल बेपत्ता हुनुको परिस्थिति, तथा उनको हालखबर अझैसम्म पनि थाहा भएको छैन। उजुरीकर्ताहरूले प्रभावकारी उपचार नहुने भएकाले शुरुमा प्रहरीमा जाहेरी नदिएको दाबी गरेका छन् फौजदारी अनुसन्धान सम्बन्धित उजुरी दर्ता भएपछि मात्रै शुरु हुन्छ र सो उजुरी

---

[7] यस उजुरी सँग नेपालको सर्वोच्च अदालतको मिति १ जुन २००७ (२०६४/०२/१८) को फैसलाको प्रतिलिपि र त्यसको अंग्रेजी अनुवाद संलग्न गरिएको छ ।

दर्ता हुन १९९२ को सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूची १ मा सो अपराध उल्लेख भएको हुनु पर्छ । बलपूर्वक बेपत्ता पार्ने कार्य हालसम्म पनि राष्ट्रको कानुनमा उल्लिखित नभएको कारण पीडितको परिवारले यी मुद्दाको उजुरी दिनु असम्भव रहेको छ। प्रहरीद्वारा यी मुद्दाहरू स्वविवेकीय रूपमा इन्कार गरिएको हुँदा यस्ता उजुरीहरूको प्रभावकारीता माथि प्रश्न रहेको छ । संक्रमणकालीन न्यायको परिधिमा सम्भावित तथ्य अनुसन्धान गर्ने प्रक्रियाले न्यायमा पहुँच र मानव अधिकार हननका पीडित र उनीहरूको आफन्तको उपचारलाई स्थानपूर्ति गर्न सक्दैनन् र त्यसैले यसलाई ऐच्छिक आलेखको दफा ५(२)(ख) को अर्थमा प्रभावकारी उपचार मान्न मिल्दैन ।

## उजुरी

३.१. उजुरीकर्ताहरूको दाबीअनुसार राजेन्द्र ढकाल बलपूर्वक बेपत्ता पारिएका थिए र राज्य पक्षले उनको अनुबन्धको धारा ६, ७, ९, १० अन्तर्गतको छुट्टाछुट्टै र सो को संयुक्त रूपमा धारा २(३) अन्तर्गतको अधिकारहरू र दोस्रो उजुरीकर्ताको धारा ७ अन्तर्गतको छुट्टै र सोको संयुक्त रूपमा धारा २(३) अन्तर्गतको अधिकारहरू; र तेस्रो उजुरीकर्ता (मंजिमा ढकालको) धारा ७ अन्तर्गतको छुट्टै र सो को संयुक्त रूपमा धारा २(३) र २४(१) अन्तर्गतका अधिकारहरू उल्लङ्घन गरेको छ ।

३.२. राजेन्द्र ढकाललाई नेपाल प्रहरीले ८ जनवरी १९९९ (२०५५/०९/२४) मा स्वेच्छाचारी रूपमा उनको स्वतन्त्रताबाट वञ्चित गरेका थिए र उनलाई अन्तिम पटक उनको ज्यानलाई खतरा हुने किसिमको परिस्थितिमा राज्यका अधिकारीहरूसँग देखिएको थियो । उनको स्वेच्छाचारी पक्राउ, यातना र त्यसपछि बेपत्ता पार्ने कार्य त्यस्ता अभ्यासहरू व्यापक रूपमा र प्रणालीगत रूपमा नै हुने हुने गरेको परिप्रेक्ष्यमा घटेका थिए। सर्वोच्च अदालतले आफ्नो १ जुन २००७ (२०६४/०२/१८) को फैसलामा बन्दी छानबिन समितिको अनुसन्धान तथा खोजलाई स्वीकार गर्दै राजेन्द्र ढकाललाई बेल चौतारा इलाका प्रहरी कार्यालयले हिरासतमा लिएको र पछि बलपूर्वक बेपत्ता पारेको भन्ने ठहर गरेको भएतापनि अदालतको आदेशको कार्यान्वयन भएको छैन र उनको हालखबर पत्ता लगाउन कुनै प्रभावकारी छानबिन भएको छैन । यस परिप्रेक्ष्यमा, राज्यले आफ्नो नियन्त्रणमा रहेको मानिसको बाँच्न पाउने अधिकार सम्बन्धी दायित्व पूरा गरेको देखाउने प्रमाणको भार राज्यमा रहेको छ । तसर्थ राज्यले सो स्थिति नरहेको भनि देखाउन नसकेको कारण राजेन्द्र ढकाल बलपूर्वक बेपत्ता पारिनुले उनको अनुबन्धको धारा ६ को अधिकार हनन भएको छ भनि दाबी गरेका छन् ।

३.३ राजेन्द्र ढकाललाई सम्पर्क विहीन थुनामा राखिनु र उनलाई बलपूर्वक थुनामा राखिनुले उनी माथि उनको अनुबन्धको धारा ७ को विपरीत कार्य भएको छ । ८ जनवरी १९९९ (२०५५/०९/२४) बाट उनलाई बाहिरी दुनियाँसँग सम्पर्क राख्न नदिई थुनामा राख्दा उनी पूर्णतः प्रहरीको कृपामा निर्भर थिए । यसको अतिरिक्त, पहिले आफूले पाएको यातना, आफ्नो नाममा पक्राउ पुर्जी जारी भएपछि सुरक्षाकर्मीबाट आउने गरेको ज्यानको धम्की लगायतका परिस्थितिमा बेपत्ता पारिएकाले सम्भवतः उनी मानसिक तनावमा पनि थिए ।

३.४. राजेन्द्र ढकालको स्वतन्त्रतालाई स्वेच्छाचारी रूपमा हनन गरी उनलाई बेला चौतारा क्षेत्र प्रहरी कार्यालयमा लगी बलपूर्वक बेपत्ता पारिएको १२ वर्षभन्दा धेरै समय बितिसकेको छ । उनको लामो अवधिको सम्पर्क विहीन थुनाले उनको अनुबन्धको धारा ९ अनुसारको अधिकार हनन भएको छ । ७ अगस्त १९९८ (२०५५/०४/२२) मा तनहुँ जिल्ला अदालतले जारी गरेको कानुनसम्मत पक्राउ पुर्जी अनुरूप उनलाई पक्राउ गरिएको भए तापनि नेपाली तथा अन्तरराष्ट्रिय कानुनको अनुसार पूरा गर्नुपर्ने कार्यविधि पूरा गरिएको थिएन । उनको पक्राउ कुनै आधिकारिक दर्ता किताबमा उल्लेख गरिएको थिएन र उनको आफन्तले उनलाई त्यस पश्चात् देखेका छैनन् । उनी माथि कुनै मुद्दा दर्ता गरिएको छैन र उनलाई कुनै न्यायाधीश वा कुनै अधिकार प्राप्त अधिकारी समक्ष पेश गरिएको छैन । उनलाई आफ्नो पक्राउ विरुद्ध अदालतमा उजुरी दिने मौका प्रदान गरिएको थिएन ।

३.५. उजुरीकर्ताहरूको दाबीअनुसार राजेन्द्र ढकालको स्वेच्छाचारी पक्राउ, सम्पर्क विहीन थुना र उनलाई बलपूर्वक बेपत्ता पारिनु ले र उनी माथि गरिएको व्यवहारले अनुबन्धको धारा १० उल्लङ्घन भएको छ ।

३.६. राजेन्द्र ढकाललाई सम्पर्क विहीन थुनामा राख्नु, त्यसपछि उनलाई बलपूर्वक बेपत्ता पारिनु र उनको हालखबरको प्रभावकारी छानबिन नहुनुले ८ जनवरी १९९९ (२०५५/०९/२४) बाट उनलाई उनको कानुनप्रदत्त अधिकारबाट वञ्चित गरिएको छ र यसले उनको मानव अधिकार र स्वतन्त्रता हनन भएको छ । यस कारण राज्य पक्ष अनुबन्धको धारा १६ उल्लङ्घन गर्नमा जिम्मेवार रहेको छ ।

३.७. उजुरीकर्ताहरूले राजेन्द्र ढकालको स्वन्त्रताको स्वेच्छाचारी रूपमा हनन गरिएको र उनलाई बलपूर्वक बेपत्ता पारिएको कार्यलाई तत्काल उजुरी गरे पनि र सर्वोच्च अदालत सोही निष्कर्षमा पुगे पनि कुनै आधिकारिक, चुस्त, निस्पक्ष, र स्वतन्त्र छानबिन भएको छैन र उनको हालखबर अझै थाहा भएको छैन । आजसम्म पनि उनको स्वन्त्रतताको स्वेच्छाचारी रूपमा हनन गरिएकोमा, उनलाई बलपूर्वक बेपत्ता पारिएकोमा, यातना दिने कार्य गरेकोमा, सम्भवतः हत्या गरिएको र उनको लासलाई लुकाएकोमा कसैको नाममा समाह्वान जारी वा कोही दोषी करार गरिएको छैन। यसरी राज्य पक्षले उनको अनुबन्धको धारा ६,७,९,१०, र १६ को र संयुत रूपमा हेर्दा धारा २(३) को उल्लङ्घन गरेको छ ।

३.८. आफ्नो आफन्तलाई स्वेच्छाचारी रूपमा पक्राउन गरी त्यसपछि बलपूर्वक बेपत्ता पारेकोमा र राज्यका अधिकारीहरूको यस विषयसँग सम्बन्धित गतिविधि तथा अकर्मण्यताका कारणले गर्दा पहिलो र दोस्रो उजुरीकर्तालाई धेरै पीडा र तनाव भएको छ र यस कारण राज्यले उनीहरूको धारा ७ र संयुत रूपमा धारा २(३) को उल्लङ्घन गरेको छ । राजेन्द्र ढकाल बेपत्ता हुनुले उनको परिवारलाई गहिरो मानसिक तथा भावनात्मक चोट पुगेको छ । यस कारणले पहिलो उजुरीकर्ताको पारिवारिक जीवन र आर्थिक अवस्थामा नकारात्मक असर परेको प्रस्ट छ । पहिलो उजुरीकर्तालाई आफ्नो बालबच्चाको जीवनयापन गराउन र उनीहरूको शिक्षाको व्यवस्था गर्न धेरै गाह्रो भयो । उनले आफ्नो व्याकुलता र बेलाबेलामा भइरहने चरम निराशाका कारण औषधि सेवन गर्नुपर्यो र आफ्नो पति बेपत्ता भएको घटनाले हालसम्म पनि उनलाई गहिरो असर पारिरहेको छ । प्रहरी प्रशासनको असहयोगले र बारम्बार प्रहरी चौकी जाँदा आफू पनि पक्राउ पर्ने हो की भन्ने चिन्ताले दोस्रो उजुरीकर्ता पनि चिन्तित थिए। गोर्खामा सुरक्षित अनुभूति नभएको कारण उनी जापान पलायन भए तर पहिलो उजुरीकर्ता र उनको परिवारसँग सधैँ सम्पर्कमा थिए । विदेश गएपछि पनि आफ्नो भाइले कुटाइ खाएको र आफूले उनको खोजी गरेको जस्तो नराम्रो सपना देखिरहन्थे । यस्ता समस्या बाट ठीक हुन उनले डाक्टरको परामर्श लिए र anti-depressant र anxiolytic औषधि पनि प्रयोग गरे । हालसम्म पनि राजेन्द्र ढकालको हालखबर जान्न पाउने, अनुसन्धानको प्रगति बारे जान्न पाउने जस्ता उजुरीकर्ताका अधिकारहरू राज्यले उल्लङ्घन गरिरहेको छ ।

३.९. तेस्रो उजुरीकर्ताको अनुबन्धको धारा ७ र संयुत रूपमा धारा २(३) र २४(१) बमोजिमका अधिकारहरू उल्लङ्घन भएको छ । उनको पिता बेपत्ता हुँदा उनी ९ वर्षको थिइन । कठिन आर्थिक परिस्थितिमा हुर्किँदा र आफ्नो आमालाई परिवार हुर्काउन भएको कठिनाइ देख्दा उनलाई पीडा हुन्थ्यो । आफ्नो युवावस्थाको महत्त्वपूर्ण समयमा उनले लाञ्छना लागेको परिवारमा हुर्किनु र आफ्नो पिताको मृत्युको बारेमा सुन्नु पर्ने जस्ता भावनात्मक र सामाजिक भार बोक्नु पर्यो । काठमाडौंमा पढ्ने उनको योजना आर्थिक कारणले पूरा हुन सकेन र २००१ तिर उनी गोर्खा फर्किनु पर्यो ।

३.१० उजुरीकर्ताहरूले राज्यलाई निम्न सिफारिस गरिदिन समितिलाई अनुरोध गर्छन्: (क) राजेन्द्र ढकालको हालखबर बारे तत्काल प्राथमिकतामा राखेर अनुसन्धान गर्ने, (ख) राजेन्द्र ढकाल जिउँदो भए उनलाई रिहा गर्ने र उनको मृत्यु भइसकेको भए उनको बाँकी भौतिक अवशेष पत्ता लगाउन र उनको परिवारलाई फिर्ता गर्ने, (ग) सम्बन्धित अपराधीहरू माथि मुद्दा चलाउन, फैसला गर्ने र सजाय दिन उनीहरूलाई कानुनको अगाडि उभ्याउन र सो प्रक्रियाको नतिजा सार्वजनिक गर्ने, (घ) उजुरीकर्ताहरूलाई छिटो, उचित र पर्याप्त परिपूरण दिन, (ङ) क्षतिपूर्ति अन्तर्गत भौतिक तथा अभौतिक क्षति, पुनर्स्थापना, पदपूर्ति, सन्तुष्टि र सो कार्य नदोहोरिने सुनिश्चितता जस्ता आधार समावेश गर्ने। विशेषगरी, राज्य पक्षले एउटा सार्वजनिक समारोहमा अधिकारीहरूको र राजेन्द्र ढकालको परिवारको उपस्थितिमा आफ्नो अन्तरराष्ट्रिय दायित्व स्वीकार गरोस्, र राजेन्द्र ढकालको परिवारसँग आधिकारिक रूपमा क्षमा मागोस् भन्ने उनीहरूको अनुरोध रहेको छ । राज्य पक्षले उजुरीकर्ताहरूलाई तुरुन्त र सित्तैमा आफ्ना विशिष्टीकृत विशेष संस्थाहरू मार्फत मेडिकल तथा मनोवैज्ञानिक उपचार तथा स्याहार, र उनीहरूले प्रभावकारी र पर्याप्त राहत तथा क्षतिपूर्ति पाएको सुनिश्चित गर्न आवश्यकता अनुसार निःशुल्क कानुनी सहायता पनि प्रदान गर्नु पर्दछ । यस्तो कार्य नदोहोरियोस भनि सुनिश्चित गर्न बलपूर्वक बेपत्ता पार्ने, यातना दिने र यस्ता अपराधमा विभिन्न रूपमा सहभागी हुने कार्यलाई अपराधको रूपमा स्थापना गरी यस्ता कार्य गर्नेलाई गम्भीरताको आधारमा उचित सजाय तोक्ने व्यवस्था राज्य पक्षले गर्नुपर्दछ ।

**उजुरीको ग्राह्यतामा राज्य पक्षको धारणा**

४.१ २०१२ अक्टोबर १० (२०६८/०६/२४) मा राज्य पक्षले उजुरीकर्ताहरूले कानुनी उपचारका घरेलु उपायहरू सबै समाप्त गरिसकेको भन्ने दाबीलाई चुनौती दिँदै ग्राह्यतासम्बन्धी टिप्पणी पेश गर्यो।

४.२ राज्य पक्षका अनुसार उजुरीकर्ताहरूले समिति समक्ष पेश गरेका आरोपहरू सर्वोच्च अदालतले दोस्रो उजुरीकर्ताले दर्ता गराएको बन्दी प्रत्यक्षीकरणको रिट अन्तर्गत मध्यनजर गरिसकेको छ । उक्त मुद्दाको क्रममा सबै अधिकारीहरूले राजेन्द्र ढकाललाई पक्राउ नगरेको वा थुनामा नराखेको भनि उत्तर दिएका थिए । सर्वोच्च अदालतले खोज पुर्जी पनि जारी गरेको थियो तर राजेन्द्र ढकालको हालखबर बारे पत्ता लाग्न सकेन ।

४.३ उजुरीकर्ताहरूले सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ (१९९२) ले व्यवस्था गरे बमोजिम प्रहरीमा जाहेरी दर्ता गराएका छैनन् । सो जाहेरी दर्ता गराएको भए प्रहरीले सो मुद्दाको कानुन बमोजिम छानबिन गर्ने थियो । त्यसैले उजुरीकर्ताहरूले कानुनी उपचारका सबै घरेलु उपायहरू समाप्त गरेका छैनन् ।

४.४ उजुरीमा उल्लेख गरिएका मानव अधिकारको उल्लङ्घनका आरोपहरू सशस्त्र द्वन्द्वको बेला भएको देखिने भनि राज्य पक्षले टिप्पणी गरेको छ । यस्ता बेपत्ता पारिएका सम्बन्धी मुद्दाहरूलाई अनुसन्धान गर्न एउटा आयोग र अन्तरिम संविधान २००७ अनुरूप सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने निर्णय भएको छ । यस अन्तर्गत बेपत्ता पारिएका सम्बन्धी मुद्दाहरूलाई अनुसन्धान गर्ने आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग सम्बन्धी विधेयकहरू संसदमा पेश भइसकेका छन्। राज्य पक्षले आफ्नो टिप्पणी गर्दा उक्त विधेयकहरू पारित हुन बाँकी थिए। उक्त विधेयकहरू पारित भएपछि स्थापना हुने दुई आयोगहरूले द्वन्द्वको समयमा भएका मुद्दाहरूको अनुसन्धान गर्नेछन् र सत्यतथ्य बाहिर ल्याउनेछन्। यस पृष्ठभूमिमा र आफूले संक्रमणकालीन न्यायका संयन्त्रहरू विकास गर्न इमान्दार प्रयास गरिरहेको अवस्थामा कानुनी उपचारका घरेलु उपायहरूमा अनावश्यक विलम्ब भएको भन्न नमिल्ने राज्य पक्षको जिकिर छ।

४.५ राज्य पक्षले हरेक वर्तमान अवस्था पत्ता नलागेका सशस्त्र द्वन्द्वको प्रत्येक पीडितको परिवारलाई अन्तरिम राहत स्वरूप ने.रु ३,००,००० प्रदान गरेको छ । संक्रमणकालीन न्यायको प्रणाली स्थापना भए पश्चात् पीडितहरूले राज्यबाट थप राहत प्राप्त गर्न सक्नेछन् ।
४.६ विद्यमान फौजदारी न्याय प्रणालीले राम्रो काम गरिरहेको राज्य पक्षको दाबी रहेको छ । सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ (१९९२) अन्तर्गत, नेपाल प्रहरीले सशस्त्र द्वन्द्वको समयमा भएका केही अपराधहरूको अनुसन्धान गरेका छन् ।

**ग्राह्यतासम्बन्धी राज्य पक्षको टिप्पणी उपर उजुरीकर्ताहरूको प्रतिक्रिया**
५.१ २०१२ डिसेम्बर १४ (२०६८/०८/२९) मा उजुरीकर्ताहरूले ग्राह्यतासम्बन्धी राज्य पक्षको टिप्पणीमा प्रतिक्रिया पेश गरी आफ्ना आरोपहरू पुन: दोहोर्याएका थिए।

५.२ बन्दी प्रत्यक्षीकरण रिट अन्तर्गत अधिकारीहरूले सर्वोच्च अदालतको कारण देखाऊ आदेशको उत्तर राजेन्द्र ढकाललाई पक्राउ नगरेको र थुनामा नराखेको भनि दिएका थिए तर अदालतलाई उत्तर पेश गर्नुपूर्व उनीहरूले ढकालको अवस्था पत्ता लगाउन कुनै अनुसन्धान गरेको जनाउने प्रमाण पेश गरेका थिएनन्। त्यसैगरी, सर्वोच्च अदालतले अधार लिएको थुना अनुसन्धान समितिको निष्कर्षलाई इन्कार नगरी उनको पक्राउ र थुना बारे उत्तर पेश गरिएको थियो । यस सम्बन्धमा, बलपूर्वक बेपत्ता सम्बन्धी कार्य समितिका अनुसार बन्दी प्रत्यक्षीकरणको रिटहरूको सफलता सुरक्षाकर्मीहरूको ग्राह्यता मात्रै आधारित रहेको थियो र कुनै कानुनी प्रावधानले सुरक्षाकर्मीहरूलाई सम्पूर्ण सत्य खुलाउन बाध्य बनाएको थिएन र यस कारण दण्डहीनता रही रहेको अवस्था थियो।[8]

५.३ उजुरीकर्ताहरूको दाबी अनुसार उजुरीकर्ताहरूले अन्तरिम राहतस्वरूप ने.रू ३,००,००० प्राप्त गरेका छैनन्। उजुरीमा उल्लेख भए जस्तै पहिलो उजुरीकर्ताले मात्रै राहत रकम प्राप्त गरेकी छिन्। अन्य उजुरीकर्ता र राजेन्द्र ढकालले क्षतिपूर्ति प्राप्त गरेका छैनन् । जे भए तापनि यस्ता गम्भीर प्रकृतिका उल्लङ्घनका हकमा आर्थिक राहतलाई मात्रै अनुबन्धको धारा २(३) को अर्थमा प्रभावकारी परिपूरण मान्न मिल्दैन ।

[8] उजुरीकर्ताहरूले बलपूर्वक बेपत्ता पार्ने कार्य सम्बन्धी कार्य दलको प्रतिवेदन (हेर्नुहोस् E/CN.4/2005/65/Add.1.), अनुच्छेद ४१-४२ र कार्य दलको फलो-अप को २०१२ को प्रतिवेदन , (A/HRC/19/58/Add.4) अनुच्छेद १००-१०१ उल्लेख गरेका छन् ।

५.४ उजुरीकर्ताहरूले आफ्नो टिप्पणी पेश गरिरहेको बेला भविष्यमा सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापना निश्चित थिएन । गैर-न्यायिक निकायहरूले गर्ने सत्य अनुसन्धान महत्त्वपूर्ण भए पनि यसले मानव अधिकार उल्लङ्घनका पीडित र पीडित परिवारलाई दिनु पर्ने न्याय र परिपूरणलाई प्रतिस्थापन गर्न सक्दैन किनकी फौजदारी न्याय प्रणाली नै तत्काल अनुसन्धान गर्ने र अपराधीहरूलाई सजाय दिने बढी उपयुक्त माध्यम हो। तसर्थ, उजुरीकर्ताहरूले प्रभावकारी कानुनी उपचारका विधिहरूमा संक्रमणकालीन न्यायको संयन्त्र पनि प्रयोग गरिसकेको मान्न सकिँदैन।

५.५ उजुरीकर्ताहरूले जाहेरीको दर्ता नगरेको भन्ने राज्य पक्षको दाबीमा  उजुरीकर्ताहरूले पुन: आफ्नो पहिलेको आरोपहरू दोहोर्याएका छन् (परिच्छेद २.१३ हेर्नुहोस्)। बलपूर्वक बेपत्ता पारिनु, यातना दिइनु र गैर न्यायिक हत्या गर्नु जस्ता कार्य राज्य पक्षमा अपराधीकरण नभएकोले यस घटना बारे जाहेरी दिन मिल्ने अवस्था रहेको थिएन । १९९९ मा प्रहरीमा उजुरीकर्ताहरूले धेरै पटक सोधपुछ गरेको तथ्य उजुरीकर्ताहरूले थप प्रस्ट्याएका छन् । ती सोधपुछहरू प्रभावकारी नभएको कारण १९९९ जनवरी २१ (२०५५/१०/०७) मा बन्दी प्रत्यक्षीकरणको रिट दर्ता गराउनु परेको थियो । त्यसैगरी, २००८ मा भएको सर्वोच्च अदालतको फैसलाअनुसार भविष्यमा स्थापना हुने सत्य निरूपण तथा मेलमिलाप आयोगको क्षेत्राधिकारमा पर्ने हुनाले हत्यासम्बन्धी जाहेरी दर्ता गर्नु हुँदैन । यसबाट जाहेरीलाई उपचारको रूपमा लिने कुरामा प्रश्न उठेको उजुरीकर्ताहरूको तर्क छ । उजुरीकर्ताहरूका अनुसार सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ (१९९२) मा हत्या र अपहरणसम्बन्धी कार्यविधि उल्लेख भए पनि सो कार्यविधि राजेन्द्र ढकालको मुद्दामा उपयुक्त मान्न सकिँदैन किनकी यस मुद्दामा उनलाई अपहरण होइन तर गैर कानुनी रूपमा थुनामा राखी त्यसपछि बलपूर्वक बेपत्ता पारिएको थियो ।

## मुद्दाको तथ्यमा राज्य पक्षको टिप्पणी

६.१ २०१३ अप्रिल ४ (२०६८/१२/२२) मा राज्य पक्षले मुद्दाको तथ्यमा आफ्नो टिप्पणी पेश गरेको थियो र उजुरीकर्ताहरूले कानुनी उपचारका सबै घरेलु उपायहरूको प्रयोग नगरेको र सङ्क्रमणकालीन न्यायको प्रणाली विकास भइरहेको भनि टिप्पणी गरेको थियो ।

६.२ २०१३ मार्च १३ (२०६८/११/३०) मा राज्य पक्षले समितिलाई जानकारी गराएअनुसार बेपत्ता व्यक्तिहरूको अनुसन्धान गर्न आयोग गठन गर्ने र सत्य निरूपण तथा मेलमिलाप आयोग

गठन गर्ने अध्यादेश राष्ट्रपतिद्वारा पारित भएको छ र राज्य पक्षले सो कार्यान्वयन गर्ने उच्चस्तरीय आयोग गठन गर्ने योजना गर्दै थियो । यस पृष्ठभूमिमा, सङ्क्रमणकालीन न्यायको प्रणाली कार्यान्वयन हुन लागेको अवस्थामा समितिले नेपालको सशस्त्र द्वन्द्वसँग सम्बन्धित मुद्दामा विचार गर्नु उपयुक्त हुँदैन ।

**तथ्यसँग सम्बन्धित राज्य पक्षको टिप्पणीमा उजुरीकर्ताको टिप्पणी**

७.१ २०१३ जुन २४ (२०७० असार १०) मा उजुरीकर्ताहरूले तथ्यसँग सम्बन्धित राज्य पक्षको टिप्पणीमा आफ्नो टिप्पणी सम्प्रेषण गरेका थिए। राज्य पक्षले मुद्दाको तथ्यलाई सम्बोधन गर्नबाट चुकेको जसले गर्दा उनीहरूको पीडालाई बेवास्ता गरिएको भनि उनीहरूले खेद प्रकट गरे । राज्य पक्षले राजेन्द्र ढकालको अवस्था बारे कुनै जानकारी प्रदान गर्न नसकेको र उनीहरूको सम्पूर्ण प्रयास निरर्थक बनाएको छ।

७.२ ऐच्छिक आलेखको धारा ५ (२) (ख) अनुसार मुद्दाको ग्राह्यताको लागि जाहेरी आफैंमा उपचारको रूपमा लिन नसकिने उजुरीकर्ताहरूको दाबी रहेको छ।२००७ जुन १ (२०६४/०२/१८) मा भएको सर्वोच्च अदालतको फैसलामा राजेन्द्र ढकाललाई बलपूर्वक बेपत्ता पारिएको र यसबारे अनुसन्धान गर्नु भनि उल्लेख भए पनि उनको वर्तमान अवस्था अझै थाहा भएको छैन।

७.३ राजेन्द्र ढकाललाई बलपूर्वक बेपत्ता पारिए बापत पहिलो उजुरीकर्ताले अन्तरिम राहत स्वरूप २००७ अगस्त ३ (२०६४/४/१८) मा ने.रु. १,५०,००० र २००८ अप्रिल १४ (२०६५/०१/०२) मा ने.रु. १,००,००० प्राप्त गरेको भनि उजुरीकर्ताहरूले पुन: उल्लेख गरेका छन् । अनुबन्धको धारा २ (३) अनुसार आर्थिक क्षतिपूर्ति मात्रै यस्तो प्रकृतिको उल्लङ्घनको प्रभावकारी परिपूरण हुन सक्दैन ।

७.४ समितिमा उजुरीकर्ताहरूको टिप्पणी पेश भएको बेलासम्म बेपत्ता व्यक्तिहरूको अनुसन्धान गर्ने आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग स्थापना हुने सम्भावना रहेको थिएन। अध्यादेश तत्काल लागू भएको भएतापनि त्यसको कानुनी कार्यान्वयन सर्वोच्च अदालतद्वारा निलम्बित गरिएको थियो ।

**पक्षहरूको थप पेशी**

८.१ २०१३ अक्टोबर १० (२०७०/०६/२४) मा राज्य पक्षले सङ्क्रमणकालीन न्याय प्रणाली सम्बन्धी आफ्नो राय दोहोर्याउँदै उजुरीकर्ताहरूले कानुनी उपचारका घरेलु उपायहरू सबै प्रयोग गरेर नसकेको आफ्नो दाबी दोहोर्यायो।

८.२ राजेन्द्र ढकालको परिवारलाई अन्तरिम राहत स्वरूप ने.रु. ३,००,००० दिएको भनि राज्य पक्षले पेश गरेको छ । सो रकम प्राथमिक राहतको हिस्सा थियो र पूरा क्षतिपूर्ति होइन । मुद्दाको अनुसन्धान पछि पीडितलाई पर्याप्त क्षतिपूर्ति प्राप्त गर्ने अधिकार रहेको थियो।
८.३ अपहरण र शरीर बन्धकको महल मुलुकी ऐनमा उल्लेख भए पनि उजुरीकर्ताहरूले सम्बन्धित निकायहरूमा राजेन्द्र ढकाललाई बलपूर्वक बेपत्ता पारिएको आरोपको जाहेरी दर्ता गराएका छैनन् ।

९. २०१३ नोभेम्बर ६ (२०७०/०७/२०) र २०१४ जनवरी १० (२०७०/०९/२६) मा उजुरीकर्ताहरूले समितिलाई जानकारी गराएअनुसार २०१४ जनवरी २ (२०७०/०९/१८) मा सर्वोच्च अदालतले बेपत्ता व्यक्तिहरूको अनुसन्धान गर्ने आयोग गठन गर्ने र सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने २०१३ मार्च १४ (२०६८/१२/०१) को अध्यादेश संविधानको विपरीत र अन्तरराष्ट्रिय मान्यता अनुसार नभएको भनि फैसला गरेको छ । सर्वोच्च अदालतले नयाँ आयोग गठन गर्न आदेश दिएको छ तर यसको लागि समय सीमा भने तोकेको छैन ।

**समिति समक्ष विचाराधिन प्रश्नहरू र कार्यविधि**

**उजुरीको ग्राह्यताको सम्बन्धमा**

१०.१ उजुरीमा रहेको कुनै दाबी माथि विचार गर्नु पूर्व समितिले आफ्नो कार्यविधिको नियमावली नियम ९३ बमोजिम अनुबन्धको ऐच्छिक आलेख अन्तर्गत उक्त मुद्दा ग्राह्य छ वा छैन भनि निरूपण गर्नु पर्ने हुन्छ ।

१०.२ ऐच्छिक आलेखको धारा ५(२) (क) मा उल्लेख भएको प्रावधानअनुसार यही मुद्दा अन्य कुनै अन्तरराष्ट्रिय अनुसन्धान वा निरूपण पद्धतिद्वारा निरूपण भइरहेको छैन भनि समितिले ठम्याएको छ। २०११ मा राजेन्द्र ढकालको मुद्दा सम्बन्धी प्रतिवेदन बलपूर्वक बेपत्ता सम्बन्धी कार्य समितिमा दिइएको भनि समितिले टिप्पणी गरेको छ । तर निश्चित देश वा क्षेत्रको मानव

अधिकारको अवस्थाको वा मानव अधिकारको विश्वव्यापी उल्लङ्घनका घटनाहरूको परीक्षण गर्ने र सार्वजनिकीकरण गर्ने कार्यादेश पाएका मानव अधिकार आयोग वा मानव अधिकार परिषदले स्थापना गरेका अनुबन्धबाहेकका अतिरिक्त कार्यविधि वा संयन्त्रहरूमा साधारणतया ऐच्छिक आलेखको धारा ५(२) अन्तर्गत को अनुसन्धान वा मेलमिलाप नपर्ने भनि समितिले टिप्पणी गरेको छ।[9] सोही अनुरूप उजुरीको परीक्षण गर्नबाट समितिलाई रोक नलगाइएको भन्ने समिति निष्कर्षमा पुगेको छ ।

१०.३ कानुनी उपचारका घरेलु उपायहरू सबै प्रयोग गरेको भन्ने बारेमा विचार गर्दा, उजुरीकर्ताहरूले मुलुकी ऐनको अपहरण तथा शरीर बन्धक सम्बन्धी महल अन्तर्गत जाहेरी दरखास्त नदिएको र यस मुद्दाको निरूपण सङ्क्रमणकालीन न्याय प्रणालीद्वारा हुने भनि राज्य पक्षले गरेको दाबी समितिले विचार गरेको छ। राजेन्द्र ढकाल बेपत्ता भएको घटना प्रहरीसहित अन्य अधिकारीहरूलाई धैरै पटक जानकारी गराएको; सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ (१९९२) को अनुसूची १ मा बलपूर्वक बेपत्ता र यातना उल्लिखित नभएको कारण जाहेरी दरखास्त प्रभावकारी उपचार नभएको; र सङ्क्रमणकालीन न्यायको प्रणालीले न्यायमा पहुँचलाई प्रतिस्थापन नगर्ने हुँदा यसलाई उपयोग गर्नु पर्ने प्रभावकारी उपचार मान्न नसकिने भनि उजुरीकर्ताहरूले गरेको उजुरी पनि समितिले विचार गरेको छ। दोस्रो उजुरीकर्ताले नेपालको सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको मुद्दा दर्ता गरेको र सो को फैसला २००७ जुन १ (२०६४/०२/१८) मा भएको भनि समितिले विचार गरेको छ। यस फैसलामा राजेन्द्र ढकाललाई बलपूर्वक बेपत्ता पारिएको निष्कर्षमा पुगी उनको हालखबरको अनुसन्धान गर्नु भनि आदेश भएको थियो । सो फैसला र उजुरीकर्ताहरूको प्रयासका बावजुद १७ वर्षसम्म पनि राजेन्द्र ढकालको पक्राउ र बेपत्ता हुनुको परिस्थिति बारे थाहा भएको छैन र यस बारे कुनै अनुसन्धान भएको छैन । गम्भीर उल्लङ्घनको घटनाहरूमा न्यायिक उपचार आवश्यक छ[10], र २०७१ (२०१४) को ऐनले स्थापना गरेको सङ्क्रमणकालीन न्यायिक निकायहरूलाई न्यायिक निकाय मान्न नमिल्ने विधिशास्त्र समितिले पुन नोट गरेको छ[11] । राज्यले औँल्याएको उपायहरू प्रभावकारी नभएको

---

[9] उजुरी नं १८७४/२००९ हेर्नु होस् , Milhoubi v. Algeria, १८ अक्टोबर २०१३ (२०७०/०७/०१) मा अभिमत पारित, अनुच्छेद ६.२; नं १८८२/२००९, Al. Daquel v. Libya, २१ जुलाई २०१४ (२०७१/०४/०५) मा अभिमत पारित, अनुच्छेद ५.२, र नं २०३८/२०११, Tharu et.al v. Nepal, अनुच्छेद ९.३.

[10] उजुरी नं १७६१/२००८, Giri v. Nepal, २४ मार्च २०११ (२०६७/१२/१०) मा अभिमत पारित, अनुच्छेद ६.३

11 Tharu et. al v. Nepal, अनुच्छेद ९.३.

र ऐच्छिक आलेखको धारा ५(२) अन्तर्गत उजुरीको परीक्षण गर्न कुनै रोक नभएको निष्कर्षमा समिति पुगेको छ।

१०.४ ग्राह्यताका सबै मापदण्डहरू पूरा भएकाले, समिति उजुरी ग्राह्य भएको घोषणा गर्दछ र मूल कानुनी प्रश्नतर्फ विचार गर्न अघि बढेको छ।

*मूल कानुनी प्रश्न उपर विचार विमर्श*

११.१ ऐच्छिक आलेख को धारा ५(१) अनुरूप पक्षहरूले प्रदान गरेको सबै जानकारीको आधारमा समितिले उजुरीबारे विचार गरेको छ ।

११.२ १९९९ जनवरी ८ (२०५५/०९/२४) मा राजेन्द्र ढकाललाई गैर कानुनी रूपमा प्रहरीले जम्दी गाउँमा पक्राउ गरि बेल चौतारा क्षेत्र प्रहरी चौकीमा लगेको, सम्पर्क विहीन थुनामा राखेको रत्यसपछि बलपूर्वक बेपत्ता पारेको र पहिलो उजुरीकर्ताको अनुरोधमा दोस्रो उजुरीकर्ताले सो पक्राउ रिपोर्ट गरेको भनि उजुरीकर्ताहरूको आरोप नोट गरेको छ । अधिकारीहरुले कुनै अनुसन्धान नगरे पछि दोस्रो उजुरीकर्ताले सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट दर्ता गराएका थिए । उजुरीकर्ताहरुले यी प्रयास गरे तापनि अधिकारीहरूद्वारा कुनै शीघ्र, निष्पक्ष, र स्वतन्त्र अनुसन्धान भएको छैन र आजसम्म पनि राजेन्द्र ढकालको अवस्था पत्ता लागेको छैन र कसैलाई पनि समाह्वान गरिएको वा दोषी करार गरिएको छैन ।

११.३ उजुरीकर्ताको आरोपहरू सर्वोच्च अदालतले बन्दी प्रत्यक्षीकरणको रिटको सुनवाइ गर्दा निरूपण गरेको भनि राज्य पक्षको दाबी समितिले नोट गरेको छ; र सो प्रक्रिया अन्तर्गत राजेन्द्र ढकाललाई पक्राउ नगरेको वा थुना मा नराखेको भनि अधिकारीहरूले उत्तर दिएको र सर्वोच्च अदालतले खोज पुर्जी जारी गरे पनि उनको अवस्था पत्ता नलागेको भनि समितिले नोट गरेको छ।

११.४ प्रमाणमा उजुरीकर्ता र राज्य पक्षको बराबर पहुँच नहुने र आवश्यक जानकारीमा धैरै जसो राज्य पक्षको मात्रै पहुँच हुने हुँदा प्रमाणको भार उजुरीकर्तामा मात्रै हुने भनि मान्न सकिँदैन भनि

समितिले पुन पुष्टि गरेको छ[12] । ऐच्छिक आलेख को धारा ४(२) अनुसार राज्य माथि असल नियतको साथ राज्य र राज्यको प्रतिनिधिहरू माथि लागेको अनुबन्धको उल्लङ्घनको आरोपहरूको अनुसन्धान गर्ने र प्राप्त जानकारी समितिलाई दिने जिम्मेवारी हुन्छ । उजुरीकर्ताले राज्य माथि लगाएका आरोपहरू विश्वसनीय प्रमाण द्वारा पुष्टि हुँदा र थप स्पष्टीकरण राज्यको हातमा हुँदा, राज्यले सन्तोषजनक प्रमाण वा स्पष्टीकरण नदिए समितिले उजुरीकर्ताहरूले लगाएका आरोपहरू पुष्टि भएको मान्न सक्छ।

११.५ अनुबन्धको कुनै धारामा स्पष्ट रूपमा “बलपूर्वक बेपत्ता” भन्ने शब्द प्रयोग नभए तापनि बलपूर्वक बेपत्ता पारिएको कुनै घटनामा विशेष र शृंखलाबद्ध रूपमा अनुबन्धले पहिचान गरेका विभिन्न अधिकारहरूको निरन्तर उल्लङ्घन हुने घटनाहरू भएको हुन्छ[13]।

११.६ हालको मुद्दामा, उजुरीकर्ताले राजेन्द्र ढकाल बेपत्ता भएको बारे तुरुन्त जनवरी १९९९ मा अधिकारीहरूलाई उजुरी गरेको र दोस्रो उजुरीकर्ताले सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिटको प्रक्रिया अघि बढाएको र गृह मन्त्रालय, नक्सालको प्रहरी मुख्यालय, गोर्खा, कास्की, नवलपरासी र तनहुँ को जिल्ला प्रहरी कार्यालय, पोखरा, कास्कीमा सशस्त्र प्रहरी बटालियन, बेल चौतारा क्षेत्र प्रहरी कार्यालय सबैले पक्राउ वा थुना इन्कार गरेको अवस्था छ। तर बन्दी अनुसन्धान कार्य समितिको निष्कर्ष अनुसार उनलाई १०-१२ जना प्रहरीहरूले पक्राउ गरि बेल चौतारा क्षेत्र प्रहरी कार्यालय लगेका थिए। सर्वोच्च अदालतले १ जुन २००७ (२०६४/०२/१८) को फैसलामा पनि यसै निष्कर्षलाई सदर गरेको थियो र राजेन्द्र ढकाल बेपत्ता हुनुको परिस्थिति बारे अनुसन्धान गर्न आदेश जारी गरेको थियो ।राज्य पक्षले सर्वोच्च अदालतको फैसलालाई नकार्ने कुनै प्रमाण पेश नगरेको तथ्य समितिले नोट गरेको छ। बरु सर्वोच्च अदालतले खोज पुर्जी जारी गरेको भए तापनि राजेन्द्र ढकालको अवस्था पत्ता लागेको छैन। राज्य पक्षले आफूले पूर्ण र प्रभावकारी अनुसन्धान गरेको भन्ने वा सोबाट कुनै नतिजा आएको कुनै प्रमाण समिति समक्ष पेश गरेको छैन । राजेन्द्र ढकालको अवस्था अझैसम्म पनि पत्ता लागेको छैन र उनको मृत्यु भइसकेको भए उनको अवशेष फेला परेको छैन । बलपूर्वक

---

[12] उजुरी नं १४२२/२००५, *El Hassy v. Libyan Arab Jamahiriya*, २४ अक्टोबर २००७ मा अभिमत पारित, अनुच्छेद ६.७; नं १२९७/२००४, *Medjnoune v. Algeria*, १४ जुलाई २००६ (२०६३/०३/३०) मा अभिमत पारित, अनुच्छेद ८.३. र नं १८०४/२००८, *Il Khwildy v. Libya*, १ नोभेम्बर २०१२ (२०६८/०७/१६) मा अभिमत पारित, अनुच्छेद ७.२.

[13] उजुरी नं २०००/२०१०, *Katwal v. Nepal*, १ अप्रिल २०१५ (२०७१/१२/१८) मा अभिमत पारित, अनुच्छेद ११.३ ; र नं २१३४/२०१२, *Serna et. al v. Columbia*, ९ जुलाई २०१५ (२०७२/०३/१६) मा अभिमत पारित, अनुच्छेद ६.२.

बेपत्ता पारिएका मुद्दाहरूमा स्वतन्त्रताको हनन गरे पश्चात् स्वतन्त्रता हनन गरेको कुरा इन्कार गर्नाले वा बेपत्ता व्यक्तिको अवस्था बारेमा जानकारी दिन इन्कार गर्नाले उक्त व्यक्ति कानुनको संरक्षणबाट वञ्चित हुन्छ र पीडितको ज्यानमा गम्भीर र स्थिर खतरा भइरहने हुन्छ र यसको जिम्मेवार राज्य पक्ष हुन्छ भनि समितिले टिप्पणी गरेको छ[14] । यस मुद्दामा राज्य पक्षले राजेन्द्र ढकालको ज्यान जोगाउने कुनै प्रयत्न गरेको भनि कुनै प्रमाण पेश गर्न सकेको छैन । राज्य पक्षले राजेन्द्र ढकालको ज्यान जोगाउने दायित्व पूरा गर्न नसकी राज्य को अनुबन्धको दफा ६(१) को दायित्व उल्लङ्घन गरेको समितिको निष्कर्ष छ ।

११.७ राजेन्द्र ढकाल को १९९९ जनवरी ८ (२०५५/०९/२४) बाट भएको सम्पर्क विहीन थुना र त्यसपछि उनलाई बलपूर्वक बेपत्ता पारिएकोबाट धारा ७ को उल्लङ्घन भएको भनि उजुरीकर्ताहरूको आरोप समितिले नोट गरेको छ। बाहिर दुनियाँसँग कुनै पनि सम्पर्क राख्न नदिई अनिश्चित रूपमा थुनामा राखिनुको पीडाको स्तर समितिले मनन गरेको छ। यातना, क्रूर र अमानवीय व्यवहार वा सजायको निषेध सम्बन्धी सामान्य टिप्पणी नं २० ले राज्य पक्षले सम्पर्क विहीन थुना निषेध गर्नु पर्ने भनि प्रावधान गरेको छ। हालको मुद्दामा राज्यबाट सन्तोषजनक स्पष्टीकरणको अभावमा, राजेन्द्र ढकालको बलपूर्वक बेपत्ताले अनुबन्धको धारा ७ को उल्लङ्घन गरेको भन्ने निष्कर्षमा समिति पुगेको छ। यस निष्कर्ष पश्चात् यही आधारमा उठाएको अनुबन्धको धारा १० सम्बन्धी दाबीहरू समितिले परीक्षण गर्ने छैन ।

११.८ राजेन्द्र ढकाल जनवरी १९९९ मा बेपत्ता भएबाट तीन उजुरीकर्ताहरूलाई भएको पीडा र कष्ट समितिले मनन गरेको छ। उनीहरूको प्रयास र सर्वोच्च अदालतको २००७ जुन १ (२०६४/०२/१८) को फैसला पछि पनि उनीहरूले राजेन्द्र ढकाल बेपत्ता हुनुको परिस्थिति बारे सन्तोषजनक स्पष्टीकरण पाएनन् र उनको मृत्यु भइसकेको भए पनि उनको अवशेष उनको परिवारलाई दिइएको छैन। राज्यबाट सन्तोषजनक स्पष्टीकरणको अभावमा उजुरीकर्ताहरूसँग सम्बन्धित यी तथ्यहरूले अनुबन्धको धारा ७ को उल्लङ्घन प्रस्ट पार्छ भन्ने निष्कर्षमा समिति पुगेको छ। यस निष्कर्ष पश्चात् यही आधारमा उठाएको अनुबन्धको धारा २४ (१) सम्बन्धी दाबीहरू समितिले परीक्षण गर्ने छैन।

[14] उजुरी नं १९१३/२००९, Aushaala v. Libya, १८ मार्च २०१३ (२०६८/१२/०५) मा अभिमत पारित, अनुच्छेद ६.२.

११.९ राजेन्द्र ढकाललाई पक्राउ पुर्जी बिना पक्राउ गरिएको र यसबाट धारा ९ को उल्लङ्घन भएको भनि उजुरीकर्ताहरूको आरोप समितिले मनन गरेको छ। उनको पक्राउ तनहुँ जिल्ला अदालतले १९९८ अगस्त ७ (२०५५/०४/२२) मा जारी गरेको पक्राउ पुर्जी जस्तो मान्य पक्राउ पुर्जी दिएर भएको भए तापनि नेपाली तथा अन्तरराष्ट्रिय मान्यता अनुसारको कुनै कार्यविधि पूरा गरिएको छैन । उनलाई कुनै न्यायाधीश वा अधिकार प्राप्त अधिकारी समक्ष प्रस्तुत गरिएन र उनले आफ्नो पक्राउको वैधानिकतालाई कुनै अदालत समक्ष उजुर गर्न पाएनन्। यसअनुरूप सर्वोच्च अदालतको २००७ जुन १ (२०६४/०२/१८) को फैसलालाई राज्य पक्षले खण्डन गरेको छैन । राज्य पक्ष बाट उचित स्पष्टीकरणको अभावमा तथ्यहरूको अनुसार अनुबन्धको दफा ९ को उल्लङ्घन भएको समितिको निष्कर्ष रहेको छ ।

११.१० दफा १६ को उल्लङ्घनको आरोपको सम्बन्धमा, राजेन्द्र ढकाललाई प्रहरीले पक्राउ गरेको; उजुरीकर्ताले प्रयास गरे तापनि राज्यले उनी बेपत्ता हुनुको बारेमा पर्याप्त जानकारी नदिएको; र सर्वोच्च अदालतको २००७ जुन १ (२०६४/०२/१८) को आदेशका बावजुद उनको अवस्था पत्ता लगाउन कुनै प्रभावकारी अनुसन्धान नभएको र यसबाट उनलाई १९९९ जनवरी ८ (२०५५/०९/२४) बाट कानुनको संरक्षणबाट वञ्चित गरिएको भनि उजुरीकर्ताहरूले लगाएको आरोपहरू समितिले मनन गरेको छ। कुनै व्यक्तिलाई नियतवश कानुनको संरक्षणबाट वञ्चित गर्नाले कानुनका अगाडि व्यक्तिको रूपमा चिनिन पाउने सो व्यक्तिको अधिकार हनन हुन्छ विशेषगरी जब प्रभावकारी उपचार पाउने सो व्यक्तिको र उनको परिवारको अधिकारलाई व्यवस्थित रूपमा कुण्ठित गरिन्छ भन्ने धारणा समितिको रहेको छ[15]। तसर्थ, राजेन्द्र ढकाललाई बलपूर्वक बेपत्ता पारिनुले उनलाई कानुनको संरक्षण र कानुन बमोजिम व्यक्तिको पहिचान पाउने अधिकार हनन गरी अनुबन्धको धारा १६ को उल्लङ्घन भएको छ भन्ने निष्कर्षमा समिति पुगेको छ।

११.११ उजुरीकर्ताहरूले अनुबन्धको धारा २(३) लागू गर्न अनुरोध गरेका छन् जसअनुसार अनुबन्धअनुसार प्राप्त अधिकार हनन भएमा सो व्यक्तिलाई प्रभावकारी उपचार दिनु राज्यको दायित्व हुन्छ । यस्ता अधिकार हननको मुद्दाहरूलाई सम्बोधन गर्न राज्यहरूले न्यायिक र प्रशासनिक निकायहरू स्थापना गर्नुलाई समितिले महत्त्वको साथ हेरेको छ । अनुबन्धअनुसार

---

[15] उजुरी नं २१६४/२०१२, Basnet v. Nepal, १२ जुलाई २०१६ (२०७३/०३/२८) मा अभिमत पारित, अनुच्छेद १०.९; Tharu et. al v. Nepal, अनुच्छेद १०.९ र Serna et al. v. Columbia अनुच्छेद ९.५

राज्यहरूको सामान्य कानुनी दायित्व सम्बन्धी सामान्य टिप्पणी नं ३१ (२००४) लाई समितिले उल्लेख गरेको छ जसअनुसार उल्लङ्घनका आरोपहरूको अनुसन्धान गर्न नसक्नूबाट अनुबन्धको छुट्टै उल्लङ्घन भएको मान्न सकिन्छ (पृष्ठ 15)। हालको मुद्दामा राजेन्द्र ढकालको पक्राउ लगत्तै दोस्रो उजुरीकर्ताले विभिन्न कार्यालयमा जानकारी माग गरेका थिए र पछि बन्दी प्रत्यक्षीकरण सम्बन्धी रिट पनि दर्ता गराएका थिए। २००७ जुन १ (२०६४/०२/१८) मा अदालतले राजेन्द्र ढकाललाई प्रहरीले बलपूर्वक बेपत्ता पारिएको ठहर गरेको थियो र यसबारे अनुसन्धान गर्न अधिकारीहरूलाई आदेश समेत दिएको थियो। उजुरीकर्ताहरूले प्रयास र सर्वोच्च अदालतको फैसलाका बावजुद घटना भएको १७ वर्ष बितिसक्दा पनि राज्यले राजेन्द्र ढकाल बेपत्ता पारिएको सम्बन्धी वा सोबारे घटना स्पष्ट पार्न वा अपराधीलाई सजाय दिन कुनै पूर्ण र प्रभावकारी अनुसन्धान गरेको छैन। सर्वोच्च अदालतले २००७ जुन १ (२०६४/०२/१८) मा आदेश गरे बमोजिम अधिकारीहरूले गरेका अनुसन्धानको प्रभावकारिता र पूर्णता बारेमा र राजेन्द्र ढकाल बेपत्ता पारिएको सम्बन्धी घटना स्पष्ट पार्न राज्यले लिएको ठोस कदम बारेमा राज्यले स्पष्टीकरण दिन सकेको छैन। उनको मृत्यु भइसकेको भएमा राज्यले उनको अवशेष उनको परिवारलाई फिर्ता दिनबाट पनि चुकेको छ। तसर्थ, राजेन्द्र ढकाल बेपत्ता पारिएको सम्बन्धी शीघ्र, पूर्ण र प्रभावकारी अनुसन्धान राज्यले गर्न नसकेको भनि समिति निष्कर्षमा पुगेको छ । राजेन्द्र ढकालको परिवारले प्राप्त गरेको आर्थिक अन्तरिम राहत पर्याप्त नभएको र गम्भीर उल्लङ्घनअनुसारको रहेको छैन। समितिमा जानकारी दिइएको तथ्य अनुसार राजेन्द्र ढकाल को सम्बन्धमा धारा २(३) को र संयुक्त रूपमा धारा ६(१), ७, ९, र १६ को उल्लङ्घन भएको र उजुरीकर्ताहरूको सम्बन्धमा धारा २(३) को र संयुक्त रूपमा धारा ७ को उल्लङ्घन भएको समितिको निष्कर्ष रहेको छ।

१२. ऐच्छिक आलेखको धारा ५(४) अन्तर्गत रहेर समितिले, राज्यले राजेन्द्र ढकालको सम्बन्धमा अनुबन्धको धारा ६, ७, ९ र १६ को र संयुक्त रूपमा धारा २(३) को उल्लङ्घन गरेको भन्ने निष्कर्षमा पुगेको छ। प्राप्त जानकारीको आधारमा उजुरीकर्ताहरूको धारा ७ र धारा २(३) बमोजिमको अधिकारहरू पनि उल्लङ्घन भनेको प्रस्ट भएको छ।

१३. अनुबन्धको धारा २(३)(क) अन्तर्गत, अनुबन्ध अन्तर्गतका अधिकारहरू उल्लङ्घन भएको व्यक्तिहरूलाई पूरा राहतको रूपमा प्रभावकारी उपचार प्रदान गर्नु राज्यको दायित्व रहेको छ । राज्य पक्षको निम्न थप दायित्वहरू पनि रहेका छन् : (क) राजेन्द्र ढकाल बेपत्ता हुनुको पूर्ण र प्रभावकारी

अनुसन्धान गर्नु र उजुरीकर्ताहरूलाई अनुसन्धानको पूरा जानकारी उपलब्ध गराउनु (ख) राजेन्द्र ढकालको मृत्यु भइसकेको भए उनको अवशेष बारे पत्ता लगाई उनको परिवारलाई हस्तान्तरण गर्नु (ग) उल्लङ्घनमा सामेल व्यक्तिहरू माथि मुद्दा चलाउनु, उनीहरूलाई कारवाही गर्नु र सोको परिणाम सार्वजनिक गर्नु, (घ) उजुरीकर्ताहरूलाई मनोवैज्ञानिक पुनर्स्थापना सेवा तथा औषधि उपचार नि:शुल्क उपलब्ध गराउनु, (ङ) उजुरीकर्ताहरू र जिउँदो भए राजेन्द्र ढकाललाई पर्याप्त क्षतिपूर्ति प्रदान गर्नु र चित्त बुझ्दो स्पष्टीकरण दिनु। यस्ता किसिमका उल्लङ्घनहरू भविष्यमा हुन नदिने दायित्व पनि राज्य पक्षको रहेको छ । यातना, गैरकानुनी हत्या, बलपूर्वक बेपत्ता पार्ने जस्ता मानव अधिकारको उल्लङ्घन गर्ने कार्य गर्नेलाई फौजदारी अभियोग लगाउने कानुन बनाउनु र बलपूर्वक बेपत्ता पारिएकाहरूको सम्बन्धमा शीघ्र, निष्पक्ष र प्रभावकारी अनुसन्धान गर्नु पनि राज्यको दायित्व रहेको छ।

१४. ऐच्छिक आलेखको पक्ष राष्ट्र भए सँगै राज्य पक्षले यस समितिको अनुबन्धको उल्लङ्घनको निरूपण गर्ने क्षमता स्वीकार गरेको छ र अनुबन्धको धारा २ अन्तर्गत राज्यले आफ्नो सीमाभित्र रहेका हरेक व्यक्ति वा आफ्नो अधिकारक्षेत्र भित्रको हरेक व्यक्तिको अनुबन्धमा उल्लेख भएको अधिकार सुनिश्चित गर्ने दायित्व वहन गरेको छ र सो अधिकार उल्लङ्घन भएमा प्रभावकारी र कार्यान्वयन गर्न मिल्ने उपचार दिने दायित्व पनि वहन गरेको छ । तसर्थ राज्य पक्षबाट १८० दिन भित्र समितिको राय कार्यान्वयन गर्न राज्यले लिएको कदमबारे जानकारी प्राप्त गर्ने इच्छा समितिले व्यक्त गरेको छ । यस रायलाई राज्यको आधिकारिक भाषामा सार्वजनिक गरियोस् र व्यापक रूपमा सम्प्रेषण गरियोस् भनि राज्यलाई अनुरोध गरिन्छ।